Govt. Reg. 189/061/62
SWC Reg. 17256

CEPHED

# जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र

## Center for Public Health and Environmental Development

**Bridging people with science and technology for healthy living and environmental development**

# प्रेस विज्ञप्ती

**लेडको विषबाट बचावटका लागि अन्तर्राष्ट्रीय सचेतना सप्ताह लेडयूक्त पेन्ट प्रतिबन्ध लागाउन माग**

**नेपाल सरकारबाट तोकिएको पेन्टमा लेडको मापदण्डको परीपाल्ना एवं अन्य सम्बन्धित कानून र निर्देशिकासंग एकरुपतामा जोड**

मिति २०७५।७।९ गते भरतपुर, चितवन, नेपाल: आम जनस्वास्थ्य र खासगरी बालबालिकालाई लेडको विषाक्तता बाट जोगाउनका निम्ती तथा जनचेतना फैलाउनुको साथै नेपाल सरकारबाट तोकिएको पेन्टमा लेडको बाध्यकारी मापदण्ड ९० ppm को अझ प्रभावकारी कार्यान्वयन, बजार अनुगमन आदिको निम्ती नेपाल सरकारं वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको सहकार्यमा विश्व स्वास्थ्य संगठन (WHO) र IPEN को सहयोगमा **जनस्वास्थ्य तथा बातावरण प्रवर्द्धन केन्द्र (CEPHED) ले लेडयूक्त पेन्ट उन्मुलनका निम्ती अन्तर्राष्ट्रीय सन्जाल** (Global Alliance to Eliminate Lead Paint-GAELP) द्वारा यो बर्ष सन् २०१८ अक्टोवर २१ देखी २७ (२०७५ कार्तिक ४ देखी १० गते) सम्म **लेडको विषबाट बचावटका लागि अर्न्तराष्ट्रीय सचेतना सप्ताह (Internatonal Lead Poisoning Prevention Week 2018)** अन्तर्गत विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने क्रममा आज पेन्टमा लेडको मापदण्डको प्रभावकारीता बढाउन सम्बन्धित सबै सरोकारबालाहरु सम्मिलित एक कार्याशाला गोष्ठीको आयोजना गरीएको थियो ।

यस वर्ष आयोजना गरीने साताव्यापी कार्यक्रमहरुको मुख्य उदेश्यको रुपमा नेपाल सरकारबाट तोकिएको पेन्टहरुमा लेडको बाध्यकारी मापदण्डको प्रभावकारी कार्यान्वयन एवं सम्बन्धित अन्य ऐन, कानून, निती नियमाबली र निर्देशिकाहरु जस्तै पेन्ट आयत निर्यात गर्दा, शिक्षा मन्त्रालय र विभागले स्कुलहरु र स्कूलबसहरुको लागि तोकिएको रङ्गरोङ्गनहरुमा एवं शहरी विकास मन्त्रालय र विभागहरुबाट लागुभएको बिल्डिङ कोड तथा बन्दै गरेका हरीत बिल्डिङ निर्देशिकाहरुमा, नेपाल गुणस्तर चिन्ह प्रदानगर्दा लेड पेन्ट सम्बन्धी मापदण्डको अनिवार्य परीपाल्ना गर्ने गराउने गरी भरपुर ब्यवस्थाको सुनिस्चितताका लागि आवस्यक पहल गर्ने रहेको छ ।

विश्व स्वास्थ्य संगठनले लेड (सिसा) लाई विश्वब्यापीरुपमा जनस्वास्थ्यलाई असर पुऱ्याउने प्रमूख १० रसायनहरु मध्ये एक प्रमूख घातक रसायनको रुपमा पहिचान गरेको छ भने **मानव शरीरमा लेडको कुनै शुरक्षित मात्रा हुदैन भने तथ्य पनि स्थापित गरेको छ** । लेडले मानिसको र खासगरी बालबालिकाको शारीरीक, मानसिक तथा बौद्धीक विकासमा असर पुऱ्याउदछ । लेडको सम्पर्कबाट हुने दिर्घकालिन स्वास्थ्य सम्बन्धि समस्याहरुले बर्षेनी ५,४०,००० मानिसको मृत्यू हुने गरेको छ भने १.३९ करोड मानीसहरु शारीरीक रुपमा असक्तता भएर जिवनभरीको क्षेती ब्यहोरीरहेको छ । त्यसैगरी संसार भरीमा करीब ८५.७ करोड बालबालिकाहरु लेडको सिधा सम्पर्कमा आएर प्रभावित भैरहेको छ । जुन कुल बालबालिकाको करीब ५०% **भन्दा बढी** संख्या हो (Institute for Health Metrics and Evaluation, 2016) । नेपालको कुल जनसंख्या २९३६२०९५ मध्ये १०१५०७७० बालबालिकाहरु पर्दछ । नेपालको एक तिहाई भन्दा बढी (३४.६%) संख्या ओग्टेका बालबालिकाहरुको ६५ देखी १०० % सम्म लेडको उच्च जोखीममा रहेको अध्ययनहरु (2017 Dhimal et al.& 2017, Gautam, K. et. al) ले देखाएकोले नेपाल सरकारले तोकेको पेन्टमा लेडको मापदण्डको प्रभावकारी कार्यान्वयन हुन आवस्यक रहेको केन्द्रका कार्यकारी निर्देशक एवं वातावरण वैज्ञानिक राम चरित्र साहले जोडदार माग गर्नु भयो ।

त्यसैगरी गतसाल विस्व स्वास्थ्य संगठनको सहयोगमा मापदण्डको प्रभावकारीता सम्बन्धी अध्ययनले पहिलेको भन्दा राम्रो परीपाल्नाको अवस्था (६०%) पेन्टहरुले गरेको देखीए पनि कुनै कुनै पेन्टहरुमा खास गरी स्वदेशी पेन्टहरुमा अझै अत्यधिक मात्रामा (५०३४७ पि.पि.एम.) सम्म लेड पाईरहेको अवस्थामा मापदण्डको बारेमा अझ कडा र निरन्तर रुपमा बजार अनुगमन एवं पेन्टहरुको प्रयोगशाला परीक्षण गर्ने वातावरण विभागको तयारी रहेको विभागका वातारण निरीक्षक भुपेन्द्र शर्माले बताउनु हुदै अन्तर्राष्ट्रीय सचेतना सप्ताह मनाउन विभागको एक्यबद्धता रहेको बताउनु भएको थियो । **चितवन जिल्लाभित्र अवस्थित पेन्टस् उद्योगहरुबाट उत्पादित पेन्ट्सहरुमा पनि लेडको मात्रा नेपाल सरकारले तोकेको मापदण्ड भन्दा अत्यधिक बढी रहेको पाईएको थियो ।**

सबै सरोकारबालाहरु सम्मिलित आजको कार्याशाला गोष्ठी आयोजना गरेको र समावेश गरीएका कार्यपत्रहरु जस्तै पेन्टमा लेडका अवस्था, मापदण्डको प्रभावकारीताबारे सरकारी पहल, नेपाली बालबालीका को सरीरमा लेडको अध्ययन परीणाम एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहलहरुबारे विभिन्न विशेषज्ञहरुबाट कार्यपत्र जनस्वास्थ्य तथा वातावरण प्रबर्द्धन केन्द्रका कार्यकारी निर्देशक एवं वातावरण वैज्ञानिक राम चरित्र साह, भन्सार विभागका निर्देशक मनोज निधी वाग्ले, वातावरण विभागका वातावरण नीरीक्षक भुपेन्द्र शर्मा र हिम बहादुर थापा ले प्रस्तुत गरेको थियो भने सहभागीहरुलाई स्वास्थ्य, शिक्षा, वातावरण, भौतिक पुर्वाधार आदि निकायहरुको प्रतिनिधीहरुले आवस्यक सुधारहरु ल्याउनुपर्ने कुरामा क्षेत्रगत रुपमा संस्थागत स्तरबाट प्रतिबद्धता जाहेर गरेको थियो ।

Govt. Reg.  189/061/62
SWC Reg. 17256

# जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र

## Center for Public Health and Environmental Development

**Bridging people with science and technology for healthy living and environmental development**

CEPHED

मानव स्वास्थ्यको लागी लेडको कुनै पनि सुरक्षित सिमा नहुने कुरा विश्वस्वास्थ्य संगठनले स्थापित गरीसकेकोले **बालबालिका लगायत आम जनताको स्वास्थ्य तथा वातावरण संरक्षण गर्न लेडयूक्त पेन्ट उन्मूलनका लागि पेन्टमा लेडसम्बन्धी सरकारी मापदण्ड प्रभावकारी कार्यान्वयन र सम्बन्धित** अन्य ऐन, कानून, निती नियमाबली र निर्देशिकाहरु जस्तै बिल्डिङ कोड,बन्दै गरेका हरीत बिल्डिङ निर्देशिका, नेपाल गुणस्तर चिन्ह (NS MARK) प्रदान गर्दाको समय वाध्यात्मक सुचकको रुपमा लेड पेन्ट सम्बन्धी मापदण्डको अनिवार्य परीपाल्ना गर्ने गराउने गरी भरपुर व्यवस्थाको सुनिस्चितताका गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

पेन्ट्स उद्योगीहरुले आफ्नो पेन्टसमा लेडको मात्रा घटाउदै लागी नेपाल सरकारले तोकेको लेडको मापदण्ड ९० पि.पि.एम.भन्दा नबढने गरी पुर्ण परीपाल्ना गर्नु पर्दछ भने पेन्टस डिलर एवं खुद्रा व्यावसायीहरुले पनि सुरक्षित पेन्ट्सहरु मात्र बिक्रिवितरण गर्नु पर्दछ । आम उपभोक्ताहरुले बजारमा लेड नसिाइईको लोगो अंकित पेन्टहरुमात्र खरदि गरी उपयोग गर्नु पर्दछ ।

साथै स्वास्थ्य क्षेत्रबाट राष्ट्रिय स्तरमै बालबालिकाको रगतमा लेडको परीक्षण कार्यक्रम (National Blood Lead Level Screening Program) लागि आवस्यक पहल हुनुपर्ने नितान्त जरुरी रहेको कुरा विशेषज्ञहरुले बताउनु भएको थियो ।

अन्तमा सबै मिलि लेडयूक्त पेन्टमा प्रतिबन्ध लगाउनुपर्ने **लेडको विषबाट बचावटका लागि अन्तर्राष्ट्रीय सचेतना सप्ताहको मूख्य संदेश आम जन्ता समक्ष सबैले पुरयाउनुपर्नेमा जोड दिएको थियो ।** धन्यवाद ।

विस्तृत जानकारीको लागि

राम चरित्र साह,
कार्यकारी निर्देशक एवं वातावरण बैज्ञानिक,
मोवाईल न. ९८०३०४७६२१, ०१ ५२०१७८६

Govt. Reg. 189/061/62
SWC Reg. 17256

CEPHED

जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र

Center for Public Health and Environmental Development

Bridging people with science and technology for healthy living and environmental development

**PRESS RELEASE**

## Call for Effective Implementation of Lead Paint Standard and Harmonization of Sectorial Laws

## Global Lead Week of Action Calls for Ban on Lead Paint

**October 26, 2018, Bharatpur, Chitwan, Nepal**: Environmental health and child health advocates, government officials, development agencies, and paint industries are uniting this week (October 21-27, 2018) to celebrate International Lead Poisoning Prevention Week 2018.

Lead is of one amongst 10 major toxic chemical of public health concern. Lead paint, a major source of childhood lead exposure, can cause permanent and irreversible brain damage in children. Lead exposure globally accounted for 5,40,000 deaths and 13.9 million years lost to disability and death due to long-term effects on health, with the highest burden in developing regions) . 857 million Children worldwide are at the risk of lead exposure (Institute for Health Metrics and Evaluation, 2016). 65 - 100 % of 10,150,770 young people under 15 years old (34.6%) of total population 29,362,095 (2018) are under high risk of lead exposure in Nepal (2017 Dhimal et al.& 2017, Gautam, K. et. Al).

Calling for protections for the 857 million children ages 0-9 years old who live in countries with no protective lead paint regulations, organizations in 30 countries, coordinating with the Global Alliance to Eliminate Lead Paint (a voluntary partnership hosted by the UN Environment Program and the World Health Organization), urge governments to adopt and effectively implement legislation to protect children's health.

The ongoing weeklong program for the sectorial commitment towards enhancing effective implementation of lead paint standard aims to harmonize the sectorial laws through inclusion of lead paint standard provision in building code, green building guideline, Nepal Standard Mark (NS Mark) criteria, colour code for school and other infrastructures as well as envisioning national blood lead level screening plan.

Series of lead paint studies in Nepal clearly revealed that the amount of lead content in the paint produced, imported, marketed, and used in Nepal has heavily decreased over the years. The compliance monitoring of lead paint standard carried out by Ministry of Forest and Environment (MOFE) in the year 2016 showed only 30% paints comply with the standard. However, similar study carried out by CEPHED in a year latter in 2017 with the support of World Health Organization (WHO) showed increased compliance of lead paint standard by 60 percent of paints. "This is very remarkable achievements by the paints industries in Nepal and needs to be continued improvement towards achieving 100% compliance to eliminate leaded paints from Nepal thus protecting public health and environment", said Mr. Ram Charitra Sah, Executive Director and Environment Scientist of CEPHED.

Though the compliance of lead paint standards increased over the years, some of the paint products mainly from the domestic paints industries were still found extremely very high up to 50347 ppm (CEPHED 2017). **Lead in paints products produced by paints industries eastablished in Chitwan districts have been found extremely very high.** Therefore, a regular monitoring of lead paints marketed in Nepal has been planned by the Department of Environment said by Environment Inspector Bhupendra Sharma. Research indicates that legislation alone is not enough to keep children safe. Not only should regulation set total lead limits below 90 ppm in all paints, but enforcement and monitoring are essential.

Five different technical papers on status of lead paints, status of blood lead level among Nepalese children, compliance and regulatory monitoring initiatives of government agencies, and national as well as international initiative towards prevention and control of lead exposure has been presented in the one-day workshop by Mr. Ram Charitra Sah, Executive Director, CEPHED; Mr. Manoj Nidhi Wagle, Director and Sr. Chemists, Department of Custom; Mr. Bhupendra Sharma, Environment Inspector, Department of Environment; Mr. Him Bahadur Thapa, Chemist and Teacher from Chitwan. Participant's stakeholders also elaborated on how they will tackle the problem in their respective field of work: health, education, environment, and infrastructure.

"**There are no safe levels of lead exposure**" has been established by WHO, and thus urgently called for effective implementation of lead paint standard and harmonization of sectorial laws such as proper inclusion of the mandatory provision of lead paint standard in NS Mark criteria, building codes, green building guidelines and color coding guidelines of school and other infrastructure including school building bus, toilets, and even public vehicles.

Paints industries should improve their products and should fully comply the national lead limit 90 ppm whereas all the paints dealers and retailers should only sell and distribute safe paints. Public and consumers should for the paints with NO ADEDED lead labeling while painting their house, furniture and school.

Health sector emphasized that there is utmost need of envisioning the National Blood Lead Level Screening among all children of Nepal.

Finally, the major goal of this ongping Global Lead Week of Action is working together to BAN LEAD PAINT by raising awareness via workshops at Kathmandu and Chitwan, broadcasting radio jingle, and TV PSA throughout the week and beyond.

For more details, please contacts.

Ram Charitra

Ram Charitra Sah ,
Executive Director/ Environment Scientist,
Mob: 9803047621, Tel/Fax: 01 5201786